देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १८-२०८२/०८३

मिति २०८३/०३/१९ समय: विहान ०८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

उपस्थितीः

नामथर	पद
श्री तिल बहादुर थापा	गा. पा. अध्यक्ष
श्री भुवन सिं गुरुङ	गा. पा. उपाध्यक्ष
श्री मनि राज गुरुङ	१ नं. वडाध्यक्ष
श्री मीन बहादुर राना मगर	२ नं. वडाध्यक्ष
श्री टेक बहादुर आले	३ नं. वडाध्यक्ष
श्री मित्र लाल गुरुङ	४ नं. वडाध्यक्ष
श्री पूर्ण बहादुर कुँवर	५ नं. वडाध्यक्ष
श्री बाल कुमारी परियार	गा.का.पा. सदस्य
श्री हुम माया खान	गा.का.पा. सदस्य
श्री याम माया गुरुङ	गा.का.पा. सदस्य
श्री मन माया वि.क.	गा.का.पा. सदस्य
श्री गंगा सिं वि.क.	गा.का.पा. सदस्य
श्री बाबुराम परियार	गा.का.पा. सदस्य
श्री प्रधुब्न कुमार खड्का	सचिव (प्रमुख प्रशासकीय अधिकृत)

कर्मचारी उपस्थितीः

श्री गोविन्द प्रसाद पौडेल	सहायक प्रशासकीय अधिकृत
श्री जीवन थकः,	जि-प्री तथा रा.प.त.२.।।(ग)

सचिवता - श्री सविल थापा भगर की.सी.

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८३/०३/१९ वैठक संख्याः १८-२०८२/०८३

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा।
२. राहत सम्बन्धमा।
३. भेरियसन (VO) सम्बन्धमा।
४. विविध।

निर्णयहरुः

निर्णय नं. १: प्रस्ताव नं. १ का सम्बन्धमा गत कार्यपालिका निर्णय कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

निर्णय नं. २: प्रस्ताव नं.२ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. १ स्थित शिखरमा मिति २०८३/०३/०५ गतेका दिन चट्याङ्का कारण गाफ १ वटा, बोका ४ वटा र खसी १ वटा मरेको हुँदा प्राविधिक मूल्यांकनका आधारमा राहत स्वरुप रु. ५० हजार विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ का सम्बन्धमा देहाय बमोजिमको निर्णयहरु गरियो।

क) देवघाट गाउँपालिका वडा नं. ५ अन्तर्गत Construction of Devghat Primary Hospital Building (10 Bed Type 2) कार्य ठेक्का नं. ११-२०७७/०७८ को मिति २०७८/०१/२२ मा सम्झौता भई निर्माण कार्य गर्दै जाने क्रममा केही आइटमको परिमाण थपघट गर्नुपर्ने भएको तथा केही छुट भएका कार्य थप गर्नुपर्ने भएकोले प्राविधिक शाखाबाट पेश भएको Variation Order (VO) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) देवघाट गाउँपालिका वडा नं. ४ अन्तर्गत देवघाट गाउँपालिकाको ठेक्का नं. DRM/SQ/WORKS/19/2082-83 Road Upgrading and Construction Works for Agridada Motor Marga, Aalegaira Motor Marga and Baseni Motor Marga कार्यको लागत अनुमन बमोजिम काम गराउन बजेट अपुग भएको र हाल सम्पूर्ण कार्यहरु गराउन आवश्यक नदेखिएकोले प्राविधिकको राय बमोजिम भेरियसन आदेश स्वीकृत गरी सोही बमोजिमको मुल्यांकनको आधारमा भूक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ४: प्रस्ताव नं. ४ का सम्बन्धमा देहाय बमोजिमको विविध निर्णय गरियो।

क) तमु ह्युल छोंज धीं, गुरुङ राष्ट्रिय परिषद, देवघाट गाउँ इकाई समितिको माग बमोजिम गुरुङ (तमू) जातिहरुको मृत्यु पश्चात दाहसंस्कार गरिसकेपछि परम्परा, संस्कार र संस्कृति अनुसार लामा, क्लेहेप्रि, पच्यु द्वारा गरिने अर्घु (पोए) सममा बजाउने तौंदु र स्याली खरिदको लागि **सांस्कृतिक, सामुदायिक कला संस्कृतिको संरकक्षणका लागि वाद्यवादन, पोषाक वितरण शीर्षकबाट** रु. १ लाखमा नबढ्ने गरी रकम उपलब्ध गराउने निर्णय गरियो।